श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४६।६।२९ को निर्णयानुसार परराष्ट्र मन्त्रालयका अतिरिक्त सचिव श्री ईश्वरीराज पाण्डेयले स्वेच्छिक अवकाश पाउन दिनुभएको राजीनामा मिति २०४६।८।१ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०४६।६।२० को निर्णयानुसार देहायका अधिकृतहरुलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तरको पदबाट सोही सेवा र श्रेणीको उप-सचिवस्तरको पदमा बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क.सं. | नाम र थर | हालको पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री गंगादत्त अवस्थी | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत । | राजपत्राङ्कित द्वितीय श्रेणी, (उप-सचिवस्तर) पञ्चायत तथा स्थानीय विकास मन्त्रालय वा अन्तर्गत । |
| २. | श्री नयनाथ पौडेल | वरिष्ठ प्रशासकीय अधिकृत, मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय । | राजपत्राङ्कित द्वितीय श्रेणी, (उप-सचिवस्तर) स्वास्थ्य मन्त्रालय वा अन्तर्गत । |
| ३. | श्री माधवराज शर्मा पन्थी | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर, गृह मन्त्रालय अन्तर्गत । | राजपत्राङ्कित द्वितीय श्रेणी, (उप-सचिवस्तर) गृह मन्त्रालय वा अन्तर्गत । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८९

| | | |
|---|---|---|
| ४. श्री राम संजीवन प्रसाद चौधरी | अञ्चल अधिकृत, लोक सेवा आयोग, राप्ती अञ्चल कार्यालय, दाङ। | राजपत्राङ्कित द्वितीय श्रेणी, (उप-सचिवस्तर) लोक सेवा आयोग वा अन्तर्गत। |

आज्ञाले,
विष्णुप्रसाद खत्री
सह-सचिव

## सूचना ३[१]

श्री ५ को सरकारले मिति २०४६।७।१८ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, मालपोत कार्यालय, स्याङ्दीका मालपोत अधिकृत श्री मोहनप्रसाद रेग्मीको राजीनामा मिति २०४६।७।१६ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उप-सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४६।६।२० को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ सेवा, सिभिल एभिएशन अपरेशन तथा इञ्जिनीयरिङ समूह, सिभिल एभिएशन अपरेशन उप-समूह, पदसंकेत नं. प।हा।वि।०७।७४ हवाई विभाग, डोटी हवाई कार्यालयका अ.अ. (रा.प.तृ.श्रेणी) श्री शालिग्राम शर्मा र सोही सेवा, समूह, उपसमूहको पदसंकेत नं. प।हा।वि।०७।२१४ हवाई विभाग पूल दरबन्दीका अ.क.अ. (रा.प.तृ. श्रेणी) श्री राधवराज रेग्मीले आ-आफ्नो पदबाट दिनुभएको राजीनामा क्रमशः मिति २०४६।४।१ र २०४५।१०।१ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
झुलेन्द्रमान प्रधान
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२